## धर्मपुत्र वा धर्मपुत्री राख्नको कानून बमोजिम पुऱ्याउनु पर्ने रीत




- स्वदेशभित्रै धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा बालबालिकाको अभिभावक र संस्थासँग अनुमति लिएर धर्मपुत्र वा धर्मपुत्रीको लिखतसहित सम्बन्धित अदालतमा निवेदन दिनुपर्छ।
- विदेशमा धर्मपुत्र वा धर्मपुत्री राख्न चाहेमा, अन्तरदेशीय धर्मपुत्र वा धर्मपुत्री बोर्डसमक्ष तोकिएको कागजात सहित निवेदन दिनुपर्छ।

## धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको दायित्व



- धर्मपुत्र वा धर्मपुत्रीलाई छोरा वा छोरीसरह आफ्नो इज्जत र क्षमताअनुसार पालनपोषण, स्वास्थ्य, खेलकुद, मनोरञ्जन तथा उचित शिक्षाको व्यवस्था गर्ने,
- धर्मपुत्र वा धर्मपुत्रीको हक र हितको संरक्षण गर्ने,
- मात्रिक तथा पैत्रिक अख्तियारी प्रयोग गर्ने।

## धर्मपुत्र वा धर्मपुत्रीको दायित्व

- धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिलाई आफ्ना बाबु, आमासरह इज्जत तथा क्षमता अनुसार पालनपोषण, स्वास्थ्य तथा हेरचाहको व्यवस्था गर्ने,
- धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको सम्पत्तिको संरक्षण, हेरविचार तथा उचित व्यवस्थापन गर्ने, धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको हक र हितको संरक्षण गर्ने।

नोट:

- धर्मपुत्र वा धर्मपुत्रीको हक, अधिकार, दायित्व र जिम्मेवारी धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिको छोरा वा छोरीसरह हुनेछ, कसैले कुनै व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राखिसकेपछि निजको छोरा वा छोरी जन्मिए पनि त्यस्ता धर्मपुत्र वा धर्मपुत्रीको छोरा वा छोरीसरहको हैसियतमा कुनै असर पर्दैन।
- धर्मपुत्र वा धर्मपुत्री भएको व्यक्तिले आफूलाई जन्माउने बाबु, आमाको अंशमा दाबी गर्न पाउँदैन तर धर्मपुत्र वा धर्मपुत्री बदर भएकोमा आफूलाई जन्माउने बाबुआमाको अंशमा दाबी गर्न पाउँछ। धर्मपुत्र वा धर्मपुत्री हुँदाका बखत निजले अंश लिइसकेको भए निजले त्यस्तो सम्पत्तिसमेत लिन पाउँछ।





# आमाबाबु र छोराछोरी

## मातृत्व वा पितृत्व निर्धारण गर्ने आधार




- कुनै पनि व्यक्तिको मातृत्व वा पितृत्व निर्धारण गर्नु पर्दा निज जन्मिदा निजको आमा वा आमाको पति को थियो भन्ने आधारमा गरिन्छ।

उदाहरणका लागि, छोरा राम र छोरी गीताको मातृत्व वा पितृत्व निर्धारण गर्दा निजको आमा सीता वा सीताका पति हर्कबहादुरको आधारमा गरिन्छ। पितृत्व निर्धारण गर्दा अन्यथा प्रमाणित भएकोमा बाहेक त्यस्तो व्यक्ति जन्मदाका बखत निजको आमाको पति रहेको व्यक्ति निजको बाबु भएको अनुमान गरिन्छ। विवाह भएको मितिबाट एक सय असी दिनपछि जन्मिएको शिशु र पति हर्कबहादुरको मृत्यु भएको वा वैवाहिक सम्बन्ध अन्त्य भएको मितिबाट दुई सय बहत्तर दिनभित्र सीताबाट जन्मिएको शिशु हर्कबहादुरकै सन्तान हो भन्ने मानिन्छ वा अनुमान गरिन्छ।

- आमा सीता वा बाबु हर्कबहादुरले, र कुनै अवस्थामा संरक्षक वा माथवरले मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्न सक्छन्। आमा बाबुको वैवाहिक सम्बन्ध अन्त्य भएको वा कानूनबमोजिम भिन्न बसेकोमा नाबालक जिम्मा लिने आमा वा बाबुले सो अख्तियारी प्रयोग गर्न सक्छन्।

## मातृक तथा पैत्रिक अख्तियारी प्रयोग गर्नेको दायित्व, अधिकार र जिम्मेवारी के के हुन्?

- छोरा राम र छोरी गीताको आमा बाबुले संयुक्त रूपमा हेरचाह र स्याहार, सम्भार गर्नु पर्दछ।शारीरिक वा मानसिक रूपले अशक्त वा अपाङ्ग भएमा त्यस्तो छोरा छोरी उपर विशेष निगरानी राखी निजलाई विशेष सहुलियत र संरक्षण प्रदान गर्नु पर्दछ। आमा बाबुले छोरा, छोरी वा छोरा, छोरा वा छोरी ,छोरी बीच कुनै किसिमको भेदभाव गर्नु हुदैन।

- आमा बाबुले छोरा, छोरीलाई खान, लगाउन दिनुका साथै परिश्रम गर्न सिकाउनुपर्छ, उनीहरुलाई स्नेह, अनुराग तथा माया दिनुपर्छ, सामाजिक मर्यादा, शिष्टाचार, सदाचार, नैतिकता, संस्कार, संस्कृति र रहन, सहन सिकाउनु, बुझाउनु र सोअनुसार आचरण गर्न लगाउनुपर्छ तथा शारीरिक, मानसिक तथा बौद्धिक व्यक्तित्व विकासका लागि आवश्यक पर्ने अन्य जुनसुकै काम गर्नुगराउनुपर्छ।

## अदालतले मातृक तथा पैत्रिक अख्तियारीमा कहिले रोक लगाउन सक्छ ?



- आमाबाबुले छोराछोरीलाई क्रूर, अमानवीय वा यातनापूर्ण सजाय दिएमा, पटकपटक उपेक्षा वा हेला गरेमा वा दुरुपयोग गरेमा, अनैतिक वा यौनजन्य पेसा, जीउ, ज्यान वा स्वास्थ्यमा खतरा हुन सक्ने काममा लगाएमा, निजको हीतविपरीत निजको सम्पत्ति खर्च गरी हानी, नोक्सानी गरेमा, धार्मिक वा सांस्कृतिक रीतिस्थितिको पालना गर्दाको अवस्थामा बाहेक निजलाई भिक्षा माग्ने, कानूनबमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाएमा अदालतले मातृक तथा पैत्रिक अख्तियारीमा रोक लगाउन सक्छ।




- आमा वा बाबुको सहमतिविना छोरा, छोरीले आमा, बाबुबाट भिन्न बस्नु हुँदैन तर राम र सीताको उमेर अठार वर्ष पूरा भएमा, रोजगारी प्राप्त गरी भिन्न बसेमा उनीहरुको मातृक तथा पैत्रिक अख्तियारीको अन्त्य हुन्छ तर, कुनै छोरा, छोरी शारीरिक वा मानसिक रूपले अशक्त भएकोमा निजले विवाह गरी भिन्न बसेको अवस्थामा बाहेक निजउपरको मातृक तथा पैत्रिक अख्तियारीको अन्त्य हुँदैन।
- छोराछोरीको जन्म दर्ता जन्मिएको तीन महिनाभित्र गर्नुपर्दछ।

## धर्मपुत्र र धर्मपुत्री







विष्णु १२ वर्षकी नाबालिका हुन्। उनलाई श्यामबहादुर र गोमाले धर्मपुत्री बनाउन खोजेका छन्।



नेपाल सरकार
कानून न्याय तथा संसदीय मामिला मन्त्रालय
मुलुकी देवानी संहिता
Japan International Cooperation Agency JICA

## कस्तो व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री राख्न सकिन्छ ?

- कुनै पनि नेपाली नागरिकले १४ वर्ष उमेर पूरा नभएसम्मको बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिन वा दिन सक्छ, तर आमाबाबुको एउटा मात्र छोरा वा छोरीको रूपमा रहेको बालबालिका भए धर्मपुत्र वा धर्मपुत्री लिनदिन मिल्दैन।
- बाबु र आमा दुवैको मृत्यु भई कसैको संरक्षणमा नरहेको र बालगृहमा कम्तीमा छ महिना बसेका अनाथ बालबालिका र स्वेच्छाले त्यागेका बालबालिका, विदेशीलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा दिन सकिन्छ।
- कुनै पनि स्वदेशी वा विदेशी व्यक्तिले एक पटक धर्मपुत्र वा धर्मपुत्री राखेपछि त्यस्तो दम्पतीबाट अरु सन्तान जन्मे पनि धर्मपुत्र वा धर्मपुत्रीको कानूनी हैसियत प्राकृतिक सन्तान सरहकै हुन्छ।



- धर्मपुत्र वा धर्मपुत्री राख्नका लागि धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्ति र धर्मपुत्र वा धर्मपुत्री बस्ने व्यक्तिबीचको उमेरको अन्तर २५ वर्षको हुनुपर्छ।

उदाहरणका लागि:- विष्णुको उमेर र श्यामबहादुरका दम्पतीको उमेरबिच २५ वर्षको अन्तर हुनुपर्छ।

## धर्मपुत्र वा धर्मपुत्री राख्नको लागि योग्यता

- धर्मपुत्र वा धर्मपुत्री राख्न चाहने दम्पतिले विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरीको जायजन्म नभएको हुनुपर्दछ,
- पैंतालीस वर्ष उमेर पूरा भएकी अविवाहिता, विधवा, सम्बन्धविच्छेद वा न्यायिकपृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला हुनुपर्छ,
- पैंतालीस वर्ष उमेर पूरा भएको अविवाहित, विधुर, सम्बन्धविच्छेद वा न्यायिकपृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुष हुनुपर्छ।
- विदेशीलाई नेपाली नागरिक वा नेपालमा बसोबास गरेको विदेशीको कुनै बालबालिका धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्न योग्य हुन विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नभएको दम्पति, पैंतालीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेकी अविवाहित, विधवा, सम्बन्धविच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला, पैंतालीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेको अविवाहित, विधुर, सम्बन्धविच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरुषमध्ये हुनुपर्छ।

